# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं : २०८०/०८१
च.नं :

गण्डकी प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी बालुवा तथा उत्खनन सामाग्री लिलाम विक्री सम्बन्धी बोलपत्र आह्वानको १५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/३१**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा मंगला गाउँपालिका गाउँकार्यपालिकाको निर्णय बमोजिम मंगला गाउँपालिका बाबियाचौरको क्षेत्राधिकार भित्र पर्ने निम्न स्थानमा भण्डारण गरिएको ढुङ्गा, गिट्टी बालुवा तथा उत्खनन सामाग्री लिलाम बढाबढ गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति वा फर्महरुलाई जानकारी गराइएको छ । इच्छुक व्यक्ति वा फर्मले बोलपत्र पेश गर्न चाहेमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्मले बोलपत्र पेश गर्न चाहेमा फर्म नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व. ०७८/०७९ को सम्म कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी निम्न शर्तहरुको अधिनमा रही तपशिल बमोजिमको मिति समय र स्थानमा तपशिलमा उल्लेख गरिएका सामानको एकमुष्ठ सिलबन्दि बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः

| ठेक्का नं. | सामाग्रीको नाम | ठेगाना | मू.ह. कर र अग्रिम कर बाहेकको दर (प्रति घन फिट) | परिमाण (घन मिटर) | परिमाण (घन फिट) | मू.अ. कर र अग्रिम आयकर बाहेकको न्यूनतम जम्मा रकम रू. |
|---|---|---|---|---|---|---|
| | ढुङ्गा, गिट्टी, बालुवा तथा उत्खनन् सामाग्री | वगरमा कृषि/साझा भवन नजिकै रहेको | ९ | १००.६ | ३५४७.१९ | ३१९२४.६८ |

१. सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात २०८०/०५/१३ गते भित्र माथि उल्लेखित कागजात पेश गरी रु.१०००।- दस्तुर तिरी बोलपत्र फाराम मंगला गाउँपालिकाको कार्यालयबाट खरिद गर्नुपर्नेछ ।

२. सूचना प्रकाशित भएको १६ औ दिन अर्थात २०८०/०५/१४ दिउसो १२ बजे भित्र आवेदकले माथि उल्लेखित कागजातका साथ आफुले कवोल गरेको अंक सहित बोलपत्र दर्ता गराउनु पर्नेछ ।

३. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्र केरमेट भएको स्थानमा स्पष्ट हस्ताक्षर गरेको हुनुपर्नेछ ।

२०८०/४/३०
शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Email ID:- mangalarumun1127@gmail.com, WebsiteURL:-www.mangalamun.gov.np, Contact Number:- 9857642642

# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल


प.सं : २०८०/०८१
च.नं : 965

४. दर्ता भएको बोलपत्र १६ औ दिन अर्थात २०८०/०५/१४ गते दिनको २ बजे मंगला गाउँपालिकाकको कार्यालयमा खोलिनेछ । बोलपत्र दाखिला कर्ता वा निजको प्रतिनिधी उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खोलिएको सात दिन भित्र स्विकृत भएको वा नभएको जानकारी मंगला गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

६. बोलपत्र खरिद गर्न, बोलपत्र दर्ता गर्न र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न आएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सो कार्यको लागि तोकिएको अन्तिम दिन मानिनेछ ।

७. आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बैंकले यस कार्यालयका नाममा जारी गरेको १२० दिन म्याद भएको बैंक जमानत (Bid Bond) वा यस गाउँपालिकाको प्रभु बैंक मंगला शाखाको धरौटी खाता (खाता नं. १५००११०३०९३०००६१ मा नगद जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

८. बोलपत्रकर्ताको बोलपत्र स्विकृत भएको सूचना प्रकाशित भएको ७ दिन भित्र आफुले कबोल गरेको रकम बुझाउनु पर्नेछ साथै रकम बुझाएको १५ दिन भित्र सामान जुन जहा र जस्तो अवस्थामा छन त्यस्तै अवस्थामा उठाउनु पर्नेछ ।

९. शर्त सहित पेश गरेको रीत नपुगि वा म्याद नाघि आएको, न्यूनतम रकम भन्दा घटी कबोल गरेको र यस कार्यालयबाट प्रमाणित गरी बिक्री गरेको बोलपत्र फाराम पेश नगरेको बोलपत्र फर्मलाई मान्यता दिइने छैन ।

१०. बोलपत्रदाताले कबोल गरेको रकममा १३ प्रतिशत मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकर गरी कबोल अंक कायम गरिनेछ र उक्त रकम बोलपत्र दाताले एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ ।

११. लिलाम सम्बन्धी कुनै विवाद भए प्रचलित कानुनको परिधिभित्र रहि मंगला गाउँपालिकाले निर्णय गर्नेछ । साथै कुनै लिलामको बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मंगला गाउँपालिकामा रहनेछ ।

१२. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ९८५७६४२६४२ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ साथै यस कार्यालयको वेवसाइट www.mangalamun.gov.np बाट समेत जानकारी लिन सकिनेछ ।

२०८०/८/३०

(शिवकुमार पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत